# नेपाल प्रहरी प्रधान कार्यालय
# मानव बेचबिखन अनुसन्धान ब्युरो
## बबरमहल, काठमाण्डौ

## प्रेस विज्ञप्ति-६१

### “नाबालिकाहरु बिरुद्ध मानब बेचबिखन कसूर गर्ने अभियुक्तहरु पक्राउ”



**नाम:- गोरे नेवा खड्गी**
**उमेर:-२८ वर्ष**
**स्थायी वतन:- जि. रामेछाप रामेछाप**



**नाम:- राजु साही**
**उमेर :-४२ वर्ष**
**स्थायी वतन:- जि. सिन्धुली कमलामाई न.पा.- ०४**

### प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको तथ्यहरु:-

१. जिल्ला काठमाण्डौ काठमाण्डौ महानगरपालिका वडा नं.३२ कोटेश्वरस्थित अभियुक्त **गोरे नेवा खड्गी समेतले** सञ्चालन गरेको **कमलामाई खाजाघर एण्ड गेस्ट हाउसमा** बालिकाहरुलाई गेष्ट हाउसमा सरसफाई गर्ने, भाडा माइने काम छ भनी गेष्ट हाउसमा राखेर **कोठामा थुनी ललाई फकाई** गरी **आर्थिक प्रलोभनमा पारेर बेश्यावृत्तिमा लगाएको** खुल्न आएको,

२. जाहेरवालालाई बेश्यावृत्तिको काममा लगाउनको लागि अभियुक्तहरुले गेष्ट हाउसमा बालिकाहरुलाई शारीरिक सम्पर्क राखेमा प्रति ग्राहक रु.५००/-(पाँच सय) दिने भनी प्रलोभन देखाई रकम समेत नदिई दिनको समयमा ग्राहकसँग शारीरिक सम्पर्क राखेको रू.१५००(पन्ध्र सय) र रातको समयमा रू.८००० (आठ हजार) लिई बेश्यावृत्तिको काममा लगाउने गरेको खुल्न आएको,

३. अभियुक्तहरुले आफ्नो आफन्त,साथीहरु मार्फत समेत पुरुष ग्राहकहरु खोजी ५/६ जना बालिका तथा युवतीहरु मध्ये एक जनालाई छान्न लगाई उक्त गेष्ट हाउस र अन्य होटल तथा गेष्ट हाउसहरुमा समेत पठाई ग्राहकसँग शारीरिक सम्पर्क राख्न लगाउने गरेको खुल्न आएको,

४. बालिकाहरुलाई दैनिक ४/५ जना पुरुषसँग शारीरिक सम्पर्क राख्न लगाउनुको साथै अभियुक्तहरु समेतले बालिकाहरुलाई जबरजस्ती शारीरिक सम्पर्क राख्ने गरेको खुल्न आएको,

५. बालिकाहरुलाई बेश्यावृत्तिमा लगाउने गरेको भन्ने सूचनाको आधारमा यस ब्यूरोबाट खटिएको प्रहरी टोलीले गेष्टहाउस अनुमगन गर्ने क्रममा उक्त गेष्टहाउसबाट ५ जना बालिकाहरुलाई उद्दार गरी बेश्यावृत्तिमा लगाउने कार्यमा संलग्न अभियुक्तहरुलाई पक्राउ गरी मानव बेचबिखन तथा ओसारपसार मुद्दामा सम्मानित काठमाण्डौ जिल्ला अदालतबाट दिन ७ (सात) को म्यादथप अनुमति लिई आवश्यक अनुसन्धान कार्य भई रहेको।

**मिति: २०८१/०५/१२ गते।**

**सूचना अधिकारी**
**(गौतम मिश्र)**
**प्रहरी उपरीक्षक**
**सम्पर्क नम्बर:-९८५१२८११६०**

Contact No:01-5339569, Hot Line:1177, Email:ahtb@nepalpolice.gov.np, www.ahtb.nepalpolice.gov.np